सत्यको लागि चुक्दैनौं झुक्दैनौं हामी...

# प्रदेश समाचार

दैनिक

Pradeshsamachar Daily



बेटी पढाऔ, बेटी बचाउ

गौर नगरपालिका गौर, रौतहट



बर्ष ३ अंक १९७ २०८१ चैत १० गते आईतवार मूल्य ५/- पृष्ठ सङ्ख्या ४


## उप-सचिव भुजेलको नेतृत्वमा विकास निर्माणले गति लिएको दाबी

दिलिप पाण्डे रौतहट – रौतहट जिल्लाको बृन्दावन नगरपालिकाका मेयर विनोद पटेलले नगरपालिकाको समग्र विकासलाई नयाँ उचाइमा पुऱ्याउनका लागि प्रमुख प्रशासकीय अधिकृत उप-सचिव खिम बहादुर भुजेलले चालेका कदम र उहाँले निर्वाह गरेको भूमिकाको खुलेर प्रशंसा गरेका छन्। शनिबार पत्रकारहरूसँगको विशेष अन्तरक्रियाका क्रममा मेयर पटेलले उप-सचिव भुजेलको नेतृत्वमा बृन्दावन नगर पालिकाले प्रशासनिक र विकासका क्षेत्रमा उल्लेखनीय सफलता हासिल गरेको बताए। मेयर पटेलका अनुसार नगरपालिकामा विगतका वर्षहरूमा कुशल र अनुभवी प्रशासकको अभावका कारण समग्र विकासका काममा अवरोध आएको थियो। नीति निर्माणका क्रममा विभिन्न कठिनाइहरूको सामना गर्नुपरेको, योजना कार्यान्वयनमा ढिलासुस्ती भएको र जनताले गुणस्तरीय सेवा लिन नसकेको अवस्थाबाट अहिले नगर पालिकाले मुक्ति पाएको छ। पटेलले भुजेलको नेतृत्वमा नगरपालिकाले नयाँ गति लिएको र समग्र विकास योजनाहरू प्रभावकारी रूपमा अघि बढिरहेको दाबी गरे। मेयर पटेलले विगतमा नगर पालिकामा कुशल प्रशासकको अभावका कारण नीति निर्माणमा समस्या आएको उल्लेख गरे। "विगतमा भिजन भएका दक्ष, विज्ञ तथा अनुभवी प्रशासकको अभावका कारण नगरको समग्र विकासमा अवरोध आएको थियो। विभिन्न नीति नियम बनाउन धेरै कठिनाइको सामना गर्नुपरेको थियो। विकास निर्माणका काममा ढिलाइ हुने, सेवाप्रवाहमा अव्यवस्था हुनेजस्ता समस्याहरू व्याप्त थिए। तर अहिले उप-सचिव दर्जाको अनुभवी, दक्ष राष्ट्रसेवक कर्मचारी भुजेललाई मन्त्रालयले पठाएपछि नगरपालिकाले ठूलो राहत पाएको छ," मेयर पटेलले भने। उनले थपे, "विभिन्न लोभ-लालचले हो कि के





बाकी पेज न.३ मा


## जिल्लाको आदेशविरुद्ध उच्च अदालत पाटन पुगे रवि लामिछाने

काठमाडौँ । रास्वपा सभापति रवि लामिछानेले काठमाडौँ जिल्ला अदालतको आदेशविरुद्ध उच्च अदालत पाटनमा निवेदन दर्ता गराएका छन् ।

काठमाडौँको स्वर्णलक्ष्मी सहकारीको बचत अपचलनसँग सम्बन्धित मुद्दामा माघ ३ गते काठमाडौँ जिल्ला अदालतका न्यायाधीश माधवप्रसाद अधिकारीले साठी लाख रुपैयाँ धरौटी लिएर थुनामुक्त गर्ने आदेश दिएको थियो ।

फौजदारी कार्यविधि संहिताको दफा ६८ बमोजिम धरौटी माग गरिएकोमा चित्त नबुझी सो बेरितको आदेश बदर गरी दफा ६९ बमोजिम साधारण तारेखमा बसी मुद्दा पुर्पक्ष गरी पाऊँ भनी लामिछानेले दफा ७३ बमोजिम उच्च अदालतमा निवेदन दर्ता गराएका हुन् । पुनरावेदन निवेदन दर्ता गराउन लामिछाने पुग्ने जानकारीपछि रास्वपा कार्यकर्ताहरू अदालत बाहिरको मुख्य सडकमा जम्मा भएका थिए । सो क्रममा लामिछानेले आफूले बोल्ने समय छिट्टै आउने भन्दै आफूले बोलेपछि धेरैको बोली बन्द हुने बताए ।



लामिछानेले अब चितवनको सहारा सहकारी सम्बन्धी मुद्दामा त्यहाँको जिल्ला अदालतले माघ २४ गते ५४ लाख धरौटीमा थुनामुक्त गर्ने आदेशविरुद्ध मात्रै उच्च अदालतमा फौजदारी कार्यविधि संहिताको दफा ७३ बमोजिम निवेदन दिन बाँकी छ । लामिछानेले कास्की र रुपन्देही जिल्ला अदालतको आदेशविरुद्ध यसअघि नै पुनरावेदन निवेदन दर्ता गराइसकेका छन् । पर्साको सानो पाइला सहकारीको बचत अपचलनबारे लामिछानेविरुद्ध अनुसन्धान गरिए पनि अहिलेसम्म मुद्दा दर्ता भने गरिएको छैन

---

## वृन्दावन नगरपालिका
### नगर कार्यपालिकाको कार्यालय
### विश्रामपुर,रौतहट
### मधेश प्रदेश, नेपाल

## बोलपत्र स्वीकृत भएको सूचना

सूचना प्रकाशन मितिः २०८१।१२।१०

यस बृन्दावन नगरपालिकाको कार्यालयको मिति २०८१।१२।०३ गतेको आ.व. २०८१/०८२ को लागि आन्तरिक आय ठेक्का सम्बन्धी प्रकाशित सूचना अनुसार रीतपूर्वक पेश भएका शीलबन्दी बोलपत्र मध्ये तल उल्लिखित बोलपत्रदाताको बोलपत्र मूल्यांकन समितिको मिति २०८१।१२।१० को निर्णयानुसार सारभूत रूपमा प्रभावग्राही देखिएको हुँदा तपशिल बमोजिम बोलपत्रहरू स्वीकृत भएको व्यहोरा सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| क.स | ठेक्काको नाम | बोलपत्रदाताको नाम र ठेगाना | कबोल अंक मु.अ. कर बाहेक |
|---|---|---|---|
| १ | Mun/Brindawan/SQ/ RiverFish/River/ 3/2081/082 | श्री रामविनय प्रसाद, देवाही गोनाही ३ रौतहट । | रु.६५,०००।-(अक्षरेपी पैसठी हजार रुपैया मात्र) |
| २ | Mun/Brindawan/SQ/Goods/04/2081/082 | श्री जय बजरंगवली कन्सट्रक्सन, देवाही गोनाही- ३, रौतहट । | रू. २,१०,०००।- (अक्षरेपी दुई लाख दश हजार रूपैया मात्र) |

खिम बहादुर भुजेल
प्रमुख प्रशासकीय अधिकृत

प्रकाशक :-दिलिप कुमार पाण्डेय
सम्पादक :-पुष्पराज यादव
कानुनी सल्लाहकार :-नन्दभुषण श्रीवास्तव
कार्यालय :- गौर नगरपालिका-७ रौतहट
कम्पयुटर सेटिंग :-राहुल पाण्डेय
मोवाईल नं. :- ९८५५०४४५३६,
इमेल :
pradeshsamachardainik@gmail.com
मुद्रक :- हेमा पब्लिकेशन गौर रौतहट

## सहरमा तापक्रम ३३ डिग्रीसम्म पुग्ने

केही दिनयता देशभर तापक्रम बढ्दो क्रममा रहेको छ । शनिबार नेपालगञ्ज र धनगढीको अधिकतम तापक्रम ३३ डिग्री सेल्सियससम्म पुग्ने पूर्वानुमान गरिएको हो ।

मौसम पूर्वानुमान महाशाखाका अनुसार वीरेन्द्रनगर, जनकपुर र भैरहवामा अधिकतम तापक्रम ३२ डिग्री सेल्सियस पुग्ने अनुमान गरिएको छ । यसैगरी घोराही र सिमरामा ३१ डिग्री सेल्सियस तथा दिपायलमा ३० डिग्री सेल्सियस तापक्रमसम्म पुग्ने पूर्वानुमान छ ।

हाल देशमा पश्चिमी न्यून चापीय प्रणाली तथा स्थानीय वायुको आंशिक प्रभाव रहेको महाशाखाको भनाई छ । कोशी प्रदेश र मधेस प्रदेश लगायत देशको पहाडी भू-भागमा आंशिक देखि साधारणतया बदली रही बाँकी भू-भागमा मौसम मुख्यतया सफा रहेको छ। कोशी र मधेस प्रदेशका एक-दुई स्थानमा मेघगर्जन र चट्याङसहित हल्का वर्षा भइरहेको छ । कोशी प्रदेश, मधेस प्रदेश, बागमती प्रदेश, गण्डकी प्रदेश र लुम्बिनी प्रदेशका थोरै स्थानहरूमा मेघगर्जन र चट्याङसहित हल्कादेखि मध्यम वर्षाको तथा बाँकी प्रदेशका एक-दुई स्थानमा मेघगर्जन र चट्याङसहित हल्का वर्षाको सम्भावना रहेको छ । धेरै सहरमा ४० प्रतिशतसम्म वर्षाको सम्भावना रहेको छ ।

## वरिष्ठ पत्रकार बस्नेतको निधन

राष्ट्रिय समाचार समितिका पूर्वअध्यक्ष एवं वरिष्ठ पत्रकार माथवरसिंह बस्नेतको निधन भएको छ । उनको आज बिहान हृदयाघातबाट ७९ वर्षको उमेरमा निधन भएको हो । भक्तपुरको सूर्यविनायक नगरपालिका-८ निवासी बस्नेतलाई बिहीबार राति घरमै हृदयाघात भएपछि काठमाडौंस्थित अन्नपूर्ण न्युरो अस्पताल भर्ना गरिएको थियो । उनको भेन्टिलेटरमा राखेर उपचार भइरहेकै अवस्थामा निधन भएको हो ।

नेपाली कांग्रेस भक्तपुर जिल्ला कार्य समितिका सचिव सुशील बस्नेतका अनुसार उनको आजै पशुपतिस्थित आर्यघाटमा दाहसंस्कार गरिने छ । गोरखापत्र संस्थान तथा प्रेस काउन्सिल नेपालका समेत पूर्वअध्यक्ष बस्नेत पुर्नजागरण साप्ताहिकका संस्थापक सम्पादक समेत थिए । गणेशमान सिंहसँग नजिक भएर लामो समय राजनीतिमा सक्रिए रहेका उनी हाल गणेशमान सिंह स्मृति बाटिकाको समेत अध्यक्ष थिए ।

पछिल्लो समय नेपाली कांग्रेस भक्तपुरको राजनीतिमा सक्रिय रहेका बस्नेत २०१७ सालदेखि राजनीतिमा होमिएका थिए । मुलुकमा प्रजातन्त्र स्थापनाका लागि भएका आन्दोलनका क्रममा बस्नेतलाई आजीवन कारावासको सजाय दिइएको थियो । उनी २०४६ सालमा प्रजातन्त्र प्राप्तिपछि जेल मुक्त भएका थिए । बस्नेतका श्रीमती, एक छोरा र एक छोरी रहेका छन् ।

# एडोलेसन्स : उत्कृष्ट मिनी सिरिज ?

केही समयअघि दैलेखमा ११ वर्षीय बालकको हत्या भएको समाचार आएको थियो। प्रहरी अनुसन्धानपछि उक्त बालकको हत्या उसैको उमेरका साथीहरूले मिलेर गरेको भन्ने पत्ता लागेको थियो। प्रहरीका अनुसार चोरी गरेर ल्याएको सुनको गहना बिक्री गर्ने विषयमा विवाद हुँदा बालकलाई आफ्नै साथीले मारेका थिए।

अमेरिकामा सन् १९९८ मा, १५ वर्षीय किशोरी करेन कर्टिसले इर्ष्या र व्यक्तिगत विवादका कारण १६ वर्षीया आफ्नी सहपाठी एड्रियन जोन्सको हत्या गरेकी थिई। जापानमा सन् २००४ मा, ११ वर्षीय छात्राले अनलाइन च्याटमा भएको विवादपछि आफ्नी सहपाठी १२ वर्षीया सतोमी मित्राईको स्कूलमा हत्या गरेकी थिई। त्यस्तै भारतमा पनि सन् २०१७ मा, गुरुग्रामको एक स्कूलमा १६ वर्षीय छात्रले दुई कक्षामा पढ्ने ७ वर्षीय प्रद्युम्न ठाकुरको हत्या गरेको थियो। यस्ता प्रकृतिका घटनाहरू खोज्ने हो भने विश्वभर थुप्रै भेटिन्छन्।

किशोर-किशोरीहरूको बीचमा हुने यस्ता हिंसात्मक घटनाहरूले बेलाबखतमा सबैतिर गम्भीर चिन्ता उत्पन्न गराउने गरेको छ। यी घटनाहरूले किशोरावस्थामा हुने मानसिक तथा भावनात्मक परिवर्तनहरू, साथै सामाजिक र पारिवारिक वातावरणले कसरी गम्भीर परिणामहरू निम्त्याउन सक्छ भन्ने देखाउँछन्। त्यसैले, किशोर-किशोरीहरूको मानसिक स्वास्थ्य र व्यवहारमा विशेष ध्यान दिनु आवश्यक रहेको छ। एडोलेसन्स अर्थात् किशोरावस्था। बाल्यावस्था र युवावस्था बीचको संक्रमणकालीन समय, जुन १३-१९ वर्षको बीचमा पर्दछ। यस अवधिमा कुनै पनि व्यक्तिमा शारीरिक, मानसिक, भावनात्मक तथा सामाजिक परिवर्तनहरू तीव्र रूपमा हुन्छन्। यस समयमा कस्तो परिस्थिति र मनस्थितिमा बाँचिरहेको छ, त्यसले उक्त व्यक्तिको भविष्यलाई आकार दिने गर्छ। केही समयअघि मात्र नेटफ्लिक्समा यही मुद्दा र विषयमा आधारित भएर एउटा मिनी-सिरिज आएको छ, 'एडोलेसन्स', जसले अहिले जताततै तहल्का मच्चाइरहेको छ। जो कसैले यसैको मात्र चर्चा गरिरहेका छन्। 'एडोलेसन्स' केवल एक मनोवैज्ञानिक क्राइम-थ्रिलर मात्र नभएर किशोर अपराध, सामाजिक मूल्य र पारिवारिक सम्बन्धको जटिलतामाथि गरिएको गहिरो अध्ययन पनि हो। मार्च १३ मा नेटफ्लिक्समा प्रिमियर भएको चार एपिसोडको यस मिनी-सिरिज एक १३ वर्षीय स्कुले केटा 'जेमी'को वरिपरि घुम्छ, जो आफ्नै महिला सहपाठी 'क्याटी'को हत्याको आरोपमा पक्राउ पर्छ। सिरिजले अपनाएको अनौठो कथन शैली र 'वन-टेक' प्रविधिले दर्शकहरूलाई निकै आकर्षित गरेको छ। सकारात्मक प्रतिक्रियाका कारण यसले नेटफ्लिक्समा उल्लेखनीय सफलता पाइरहेको छ।

पहिलो एपिसोडको कथा मुख्य पात्र जेमीको गिरफ्तारी वरिपरि केन्द्रित छ भने, दोस्रो एपिसोडमा अनुसन्धानकर्ताहरूको यात्रालाई देखाइन्छ, जसले विद्यालयमा अपराधको कारण र हत्यामा प्रयोग भएको हतियार बारे जवाफ खोज्छन्। सिरिजको तेस्रो एपिसोड जेमी र बाल मनोवैज्ञानिक बीचको सेसनमा केन्द्रित छ र चौथो एपिसोड जेमीको गिरफ्तारीपछि परिवारमा परेको भावनात्मक तनावलाई चित्रित गरिएको छ।

जेमीले सुरुमा आफूले केही नगरेको भन्छ, तर प्रहरी अधिकारीले उसलाई क्यामेरामा कैद भएको दृश्य देखाउँछ, जसले कथालाई नयाँ र गम्भीर मोडतिर पुऱ्याउँछ। त्यसपछि प्रश्नहरू उब्जिन थाल्छन्। जवाफ खोज्न प्रहरी अधिकारीहरू अनुसन्धान गर्न थाल्छन्। जाँचको क्रममा पुलिसले जेमी र मृत क्याटीबीचका दर्जनौं सोसल मिडिया पोस्टहरू पनि जाँच गर्छन्, जसले उनीहरूको सम्बन्धलाई बुझ्न मद्दत पुऱ्याउँछ।

एडोलेसन्सले विद्यालयमा हुने बुलिङ, सामाजिक सञ्जालको प्रभाव र 'इन्सेल' (अविवाहित, महिला-विरोधी मानसिकता राख्ने समूह) उपसंस्कृति जस्ता विषयहरूलाई पनि उजागर गरेको छ। इन्सेल 'इनभोलन्टरी सेलबेस'को संक्षिप्त रूप हो, जहाँ यस्ता पुरुषहरू हुन्छन्, जसले यौन सम्बन्ध बनाउन सक्दैनन् र त्यसको जिम्मेवार वा दोष समाजका अन्य सदस्यहरूलाई विशेषगरी महिलाहरूलाई दिन्छन्। उनीहरू आफूलाई समाजबाट अलग र अस्वीकृत भएको अनुभव गर्छन्। आफ्नो आत्मरुसम्मान घटेको महसुस गर्छन्, जसले गर्दा उनीहरूको मानसिक स्वास्थ्यमा नकारात्मक प्रभाव पार्न जान्छ। त्यसैले उनीहरू अक्सर हिंसाको साहरा लिने गर्छन्।

अहिले सामाजिक सञ्जालमा इमोजीको प्रयोग व्यापक हुँदै आइरहेको छ। तर, पछिल्लो समय यसको उपयोग नयाँ तरिकाले भइरहेको छ। इमोजीहरू कुनै भावनालाई व्यक्त गर्न मात्र नभई गुप्त सञ्चारका लागि पनि प्रयोग गरिन थालिएको छ। इन्सेल समुदायका सदस्यहरूले आफ्नो विचार र सन्देश फैलाउन विभिन्न संकेत वा गुप्त भाषा प्रयोग गर्छन्, जसमा इमोजी पनि एक महत्वपूर्ण माध्यम बनेको छ। इमोजीहरू सीधै आपत्तिजनक देखिंदैनन्, तर खास समुदायबीच मात्र बुझिने संकेत हुनसक्छन्। बाहिरबाट सामान्य देखिए पनि इमोजीहरू इन्सेल समुदायका सदस्यहरूले अरूलाई हेप्ने वा दुर्व्यवहार गर्ने गरी प्रयोग गर्छन्।

'स्मार्टफोन फ्री चाइल्डहुड' समूहकी सहसंस्थापक 'डेजी ग्रीनवेल'का अनुसार, 'नेटफ्लिक्समा आएको एडोलेसन्स सिरिजले सबै अभिभावकहरूलाई गहिरो प्रभाव पारेको छ। सिरिजले उनीहरूको डरलाई सतहमा ल्याउने काम गरेको छ। हामी सबै अभिभावकहरूको ठूलो चिन्ता भनेको यही हो, हामी आफ्ना बच्चाहरूलाई स्मार्टफोन दिन्छौं, त्यसपछि उनीहरू विस्तारै हाम्रो नियन्त्रण बाहिर जान थाल्छन्।' लेबर पार्टीका सांसद 'जोश म्याकएलिस्टर'ले प्रस्ताव गरेको 'सुरक्षित फोन विधेयक'माथि यसै महिनाको सुरुमा केही कडा नियमहरूको विरोध भएपछि यसलाई केही हदसम्म परिवर्तन गरिएको थियो। किशोरहरूको सुरक्षाका लागि सरकारले स्मार्टफोनको लत लगाउने एल्गोरिदमलाई प्रतिबन्ध लगाउन उचित कदम चाल्नुपर्ने भनी उनले भनेका थिए।

त्यसै अनुरूप यूके सरकारले नयाँ कानून 'अनलाइन सुरक्षा ऐन' ल्याएको छ, जसको मुख्य उद्देश्य बालबालिका, किशोरकिशोरीलाई इन्टरनेटमा सुरक्षा प्रदान गर्नु हो। एडोलेसन्स सिरिजका निर्देशक 'फिलिप बारान्टिनी'ले 'यदि मेरो हातमा यो निर्णय गर्ने शक्ति भएको भए, म १६ वर्षभन्दा कम उमेरकाहरूलाई स्मार्टफोनको प्रयोग गर्न



पूर्णरूपमा रोक लगाउने थिएँ' भनेर पनि भनेका थिए।

उनले बनाएको सिरिजले पहिलो चार दिनमै २४.३ मिलियन भ्युज पार गर्दै लोकप्रियताको नयाँ कीर्तिमान बनाएको छ। मार्च १०-१६ को साप्ताहिक सूचीमा यो नेटफ्लिक्सको दोस्रो शीर्ष शो बन्न सफल भएको थियो, मार्च २० सम्म आउँदा यसले पहिलो स्थान हासिल गरिसकेको छ।

सिरिजलाई अझ लोकप्रिय बनाउने मुख्य कारण भनेकै यसको 'वन-टेक' शैली हो, जसले दर्शकहरूको रुचि बढाएको छ। हरेक एपिसोड 'वन-टेक'मा खिचिएको छ। त्यो बाहेक सकारात्मक समीक्षाका कारण सिरिजले हरेक दिन नयाँ दर्शकहरूलाई आफूतिर आकर्षित गरिरहेको छ। सिरिज कुनै वास्तविक घटनामा आधारित छैन, तर त्यस्तै प्रकृतिका अपराधहरूबाट प्रेरित छ। सिरिजका निर्माता तथा लेखक 'स्टेफन ग्राहाम'ले 'ज्याक थोर्न' सँगै सिरिज तयार पारेका हुन्। उनले एक अन्तर्वार्तामा भनेका थिए, 'हामीलाई वान-शटमा सिरिज बनाउन अनुरोध गरिएको थियो, त्यसैले हामीले विभिन्न सम्भावनाहरूबारे सोच्न थाल्यौं। त्यसै दौरान, मैले पत्रिकामा एउटा समाचार पढें, जहाँ एक किशोर केटाले आफ्नै उमेरको केटीलाई चक्कु प्रहार गरेको घटना उल्लेख गरिएको थियो। त्यो समाचार पढेर म चिसिएँ। त्यसको झण्डै तीन-चार महिनापछि फेरि समाचारमा त्यस्तै अर्को घटना देखें, एउटा किशोर केटाले एउटी किशोरीलाई चक्कु प्रहार गरेको। मर्ने र मार्ने सबै किशोरावस्थाका थिए। आखिर अहिले यस्तो के भइरहेको छ ? किन भइरहेको छ ? पहिले यस्तो हुँदैनथ्यो। मैले यसको जवाफ खोज्न एडोलेसन्स बनाएको हुँ।'

सिरिजका ४४ वर्षीय निर्देशक 'फिलिप बारान्टिनीले भनेका थिए- 'युकेको किशोर पुस्तामा नाइफ क्राइम (चक्कु प्रयोग गरी गरिने अपराध) निकै ठूलो समस्या बन्दै गइरहेको छ। केटाहरूले केटीहरूलाई चक्कु प्रहार गर्दै हत्या गरिरहेका घटनाहरू लगातार आइरहेका छन्। त्यसैले, हामीले यही विषयलाई गहिराइमा गएर अध्ययन गर्ने सोच बनायौं। यस कथा मार्फत समाज र देशलाई सन्देश दिनुका साथै सबैलाई नयाँ विषयमा केन्द्रित गर्नका लागि एडोलेसन्स बनायौं।'

'अफिस फर नेशनल स्ट्याटिस्टिक्स'का अनुसार, मार्च २०२४ को अन्त्यसम्म मात्र इङ्गल्यान्डमा ५० हजार ५०० चक्कु आक्रमणका घटनाहरू भइसकेका छन्, जुन २०१२ र २०१३ को बीचमा भएका २७ हजार घटनाहरूको तुलनामा धेरै नै बढी हो। 'मिनिस्ट्री अफ जस्टिस'को डाटा अनुसार मार्च २०२३ को अन्त्यसम्म भएका १८ हजार ५०० चक्कु अपराधका अपराधीहरूमध्ये १७.३ प्रतिशत किशोर-किशोरी (१० देखि १७ वर्षका) थिए। गत वर्ष, १७ वर्षको किशोरले लिभरपुलमा नृत्य कक्षामा तीन आफ्नै उमेरका केटीहरूलाई घातक चक्कु प्रहार गरेर हत्या गरेको थियो। उसलाई जनवरीमा कम्तीमा ५२ वर्षको कारावास सजाय सुनाइएको छ। त्यसै महिनामा, ब्रिटिश प्रधानमन्त्री 'कीर स्टार्मर'ले एक्लै बस्नेहरू, समाजसँग र म्रोसँग नखुल्नेहरू, कोठामा आफूलाई बन्द गरेर अनलाइनका विभिन्न सामग्रीहरूसँग लती भएकाहरूलाई आतङ्ककारीको संज्ञा दिंदै चेतावनी पनि दिएका थिए।

लेखक 'स्टेफन ग्राहाम'ले निर्देशक 'फिलिप बारान्टिनी'सँग यस सिरिजको कन्सेप्ट कारमा कतै जाँदै गरेको बेलामा सुनाएका थिए। उनीहरू पहिल्यैदेखि सँगै सहकार्य गर्दै आइरहेका छन्। सन् २०२१ को फिल्म 'बोइलिङ पोइन्ट'लाई उनीहरूले सहकार्य गरेको एक अद्भुत फिल्म मान्न सकिन्छ। बारान्टिनीले बोइलिङ पोइन्टलाई पनि वान सटमा खिचेका छन्। फिल्मले हस्पिटालिटी क्षेत्रभित्रको वास्तविक संघर्ष र मान्छेहरूको मानसिकतालाई गहिरोसँग अध्ययन गरेको छ। वान सट अथवा सिंगल-टेक 'फिलिप बारान्टिनी'को सिग्नेचर स्टाइल भइसकेको छ।

आखिर वान सट नै किन ? दर्शकहरूलाई घटनाहरूको प्रत्यक्ष रूपमा महसुस गराउन, टेन्सन पैदा गर्न विशेषगरी थ्रिलर र मनोवैज्ञानिक कथाहरूमा, घटनाहरूलाई प्रभावशाली र भावनात्मक रूपमा प्रभावकारी बनाउन, चरित्रको मनोविज्ञानलाई गहिरोसँग देखाउन, समयको वास्तविक रूप देखाउन मेकरहरूले वान सट अथवा सिंगल-टेकमा फिल्महरू खिच्ने गर्छन्। यसरी वान सटमा खिचिएका फिल्महरू थुप्रै छन्। सिरिजलाई यसरी बनाएको भने मलाई याद छैन। तर, 'ट्रू डिटेक्टिभ' र 'द हन्टिङ अफ हिल हाउस'का केही एपिसोडका दृश्यहरूलाई भने लङ सटमा खिचेको भनेको थाहा छ।

## आज विश्व पानी दिवस, विभिन्न कार्यक्रम गरी मनाइँदै

काठमाडौं। हिमनदी संरक्षण' भन्ने मूल नाराका साथ आज विश्वभर विभिन्न कार्यक्रम गरी पानी दिवस मनाइँदैछ। बढ्दो सहरीकरण, औद्योगीकरण, जलवायु परिवर्तन, वर्षाको ढाँचामा आएको परिवर्तन, अत्यधिक पानीको उपयोगसहितका कैयौं कारकबाट पानी सङ्कट उत्पन्न भइरहेको सन्दर्भमा यस दिवसले महत्त्वपूर्ण शिक्षा दिने विश्वास लिइएको छ।

पछिल्ला दिनमा जलवायु परिवर्तनका कारण हिमनदी सुक्दै गएको र त्यसले मानव जीवन र समग्र प्रकृतिमाथि ठूलो चुनौती थपिरहेको भन्ने आत्मबोधका साथ यस पटक पानी दिवसको मूल नारा नै हिमनदीको संरक्षण राखिएको छ।

सन् १९९३ यता हरेक वर्ष २२ मार्चमा मनाइने यो दिवस सुरक्षित तथा स्वच्छ पानीको महत्वमा केन्द्रित संयुक्त राष्ट्रसङ्घको विश्वव्यापी पहल हो। सुरक्षित र स्वच्छ पानी व्यवस्थापनका लागि आवश्यक रणनीतिसहितको कदम चाल्न र यसबारे जनचेतना अभिवृद्धि गर्न यो दिवसले सहयोग गर्दै आएको छ।

संसारभर कुल ९७ दशमलव पाँच प्रतिशत पानी समुद्रको रहेको छ। त्यो पानी नूनिलो भएकाले पिउन, सिँचाइ र विद्युत् उत्पादनको लागिसमेत प्रयोग गर्न मिल्दैन। पानीको सदुपयोग गर्न नसक्दा संसारभर नै समस्या बढ्दै गएको छ। अन्तरराष्ट्रिय पानी व्यवस्थापन संस्थाका अनुसार प्रत्येक वर्ष एक जनाका लागि नौ हजार घनमिटर पानीको आवश्यकता पर्छ।

संसारभर उपलब्ध पानीमध्ये २.५ प्रतिशतमात्र पिउनयोग्य उपलब्ध छ। मूल, खोला, नदी, हिमनदीबाट उपलब्ध हुने पानी नै मानवीय प्रयोगका लागि उपयुक्त छ। पृथ्वीको उत्तरी तथा दक्षिणी



ध्रुवमा उपलब्ध हुने पानी मानवीय उपभोगका लागि योग्य मानिएको छ। नेपालको हकमा प्रतिव्यक्ति कुल जलस्रोत उपभोग क्षमता तीन हजार ६०० घनमिटर पर्न आउँछ तर हाम्रो देशमा हालसम्मको उपभोग दर प्रतिव्यक्ति तीन सय ९३ दशमलव पाँच घनमिटर छ।

संसारभर १३ खर्ब ८६ अर्ब वर्गकिलोमिटर क्षेत्रमा पानी रहेको छ। औद्योगिक राष्ट्रको कहालीलाग्दो औद्योगीकरण, जलवायु परिवर्तन र तापमान वृद्धिका कारण पानीको परम्परागत मूल सुक्दै गएका छन्। पछिल्ला वर्षमा हिमनदी सुक्दै गएका छन् भने विश्वका करिब एक अर्ब मानिस पानीको समस्यामा छन्।

जलवायु परिवर्तनले संसारभर पारेको प्रभाव हरितगृह ग्याँस उत्सर्जन, हिमनदी र हिमताल फुट्ने खतरा बढेको सन्दर्भलाई मनन् गर्दै अगाडि बढ्नु जरुरी भइसकेको छ। नदीमा मानवीय अतिक्रमण बढेको, अनियमित तवरले भूमिगत पानी निकालिएको, पानीको रिचार्ज गर्नेतर्फ ध्यान दिन सकिएको छैन। वर्षातको पानी पनि खेर गइरहेको छ। राष्ट्रसङ्घका अनुसार ४० देखि ६० प्रतिशत पानी चुहावट र दुरुपयोग हुने गरेको छ। विश्वभर रहेका सात अर्ब बढी मानिस २५ लिटरका दरले मात्रै पानी उपलब्ध गराउने हो भने एक खर्ब ७५ अर्ब लिटर पानी आपूर्ति गर्नुपर्ने हुन्छ।

द्रुतगतिमा बढ्दो सहरी जनसङ्ख्या, कारखाना र जलवायु परिवर्तनको अनिश्चितता, शहरी जल प्रणालीमा द्वन्द्व र प्राकृतिक प्रकोपमा अन्तरराष्ट्रिय जगतको ध्यान खिच्न पानी दिवस सफल भए पनि प्रभावकारी कार्यान्वयनका लागि भने उपलब्धि हासिल हुन नसकेको गुनासो व्याप्त छ।

नेपाल जलस्रोतमा धनी मुलुक भए पनि उचित व्यवस्थापनको अभावमा नागरिकले उचित मात्रामा पानी पाउन नसकेको, उचित उपयोग हुन नसकेको तथा नीतिगत रूपमा समेत प्रभावकारी व्यवस्थापन हुन नसकेको सन्दर्भमा पानी दिवसले महत्वपूर्ण शिक्षा दिनेछ।

## राजतन्त्र अन्त्यपछि पहिलोपटक कुलदेवता सम्झँदै पुर्ख्यौंली थलोमा ज्ञानेन्द्र

गोरखा। राजतन्त्र अन्त्यपछि पूर्वराजा ज्ञानेन्द्र शाह पहिलोपटक शनिबार पुर्ख्यौंली थलो गोरखा आइपुगेका छन्। जानकारहरूका अनुसार, उनी विसं २०६२ मा नागरिक अभिनन्दनका क्रममा गोरखा आइपुगेका थिए। शाहवंशीय राजाहरूको कुलदेवता मानिने गोरखकाली र गोरखनाथ मन्दिरको दर्शनका लागि पूर्वराजा शाह शनिबार गोरखा आएका हुन्।

उनले मन्दिरमा पूजाअर्चनाका लागि झण्डै दुई घण्टा समय बिताए। नागरिक स्वागत समाज, गोरखाका सदस्य होम सिं बस्न्यातका अनुसार, शाहले यसबीचमा कुलदेवताको पूजाका लागि दक्षिणा पठाउने गर्थे।

यसपटक भने शाह आफैं गोरखा पुगेर कुलदेवताको पूजाअर्चनामा सहभागी भएका छन्।

गोरखकाली मन्दिर शाह वंशका कुलदेवता हो, पहिले कतिपय बेला आफैं आउने र आउन नभ्याएको बेला दक्षिणा पठाउने गर्नुहुन्थ्यो,' बस्न्यातले भने, 'राजतन्त्र गएपछि पूजा गर्न पनि आउनुभएको छैन, दक्षिणा पनि पठाउनु भएको छैन।'

पुर्ख्यौली थलोमा आउन पाउँदा आफूलाई खुसी लागेको प्रतिक्रिया शाहले दिएका छन्। कुलदेवताको पुजाआजा सकेर फर्कने क्रममा उनले केही सन्देश पनि दिएका छन्।

देशमा शान्ति नभएको, कोही पनि केही गर्न डराउनु पर्ने अवस्था नभएको र शान्ति र विकासका लागि कामना गरेको पूर्वराजा शाहको भनाइ छ।

नागरिक स्वागत समाजले प्रत्येक वर्ष पुर्ख्यौली थलो गोरखा आउन आग्रह गर्दै पूर्वराजा शाहलाई ज्ञापन पत्र पनि बुझाएको छ। उक्त ज्ञापन पत्रमार्फत जनशक्ति तथा खर्च कटौतीका कारण गोरखकाली र गोरखनाथ पूजाआजामा



परेको कठिनाइलाई सहज बनाइदिन माग गरिएको छ। भेटघाटकै क्रममा उनले एक सञ्चारकर्मीसँग संक्षिप्त प्रतिक्रिया पनि दिए।

'कसैले कसैको पनि कुभलो नचिताओस्, भलो चिताओस् भन्ने मेरो कामना छ,' उनले भनेका छन्, 'कोही पनि केही गर्न डराउनु पर्दैन। देशमा शान्ति कायम होस्। देशमा विकास होओस्। सबैलाई सुख र समृद्धि होस् भन्ने कामना गर्दछु।' गोरखाबाट पूर्वराजाले भने- कोही डराउनु पर्दैन, देशमा शान्ति चाहिएको छ

पूर्वराजाको स्वागतमा के-के भयो ?

पञ्चेबाजासहित तनहुँको आँबुखैरेनीबाट मोटरसाइकल र्‍याली गरेर शाहलाई गोरखा दरबार पुर्‍याइएको थियो। सवारीमा शिव सेना, राष्ट्रिय सरोकार मञ्च नेपाल लगायतका स्वयंसेवक समूहहरूको सहभागिता थियो। बिहान १० बजे गोरखा दरबार पुगेका उनी १२ बजेसम्म पूजाआजामा व्यस्त रहे।

पुजाअर्चनापछि उनले भूकम्पपछि पुनर्निर्माण भएको गोरखा दरबार अवलोकन गरे। उनले बज्रभैरवको टिका र प्रसाद ग्रहणसमेत गरेका थिए।

शनिबार चैत्र कृष्णअष्टमी गोरखकाली पूजा समेत रहेकाले सोही अवसर पारेर पूर्व राजा शाहले भ्रमणको कार्यक्रम तय गरेको उनको सचिवालयले बताएको छ।

उनको स्वागत गर्न राजसंस्था तथा राजतन्त्रप्रति आस्था राख्ने व्यक्ति, संस्था तथा पार्टीका कार्यकर्ताहरू सम्मिलित १५१ सदस्यीय नागरिक समाज गठन भएको थियो।

ज्ञानेन्द्रको भ्रमणको क्रममा उनीहरूले 'राजा आऊ, देश बचाऊ', 'हाम्रो राजा, हाम्रो देश प्राणभन्दा प्यारो छ', 'नेपाली जनता के भन्छ, राजतन्त्र ले भन्छ', 'गणतन्त्र मुर्दावाद', 'हिन्दू राष्ट्र घोषणा गर' लगायतका नारा लगाए।

गोरखकाली र गोरखनाथको पूजाआजा सकेपछि करिब एक बजे उनी ठूलोआँगनस्थित गोरखा संग्रहालय परिसरमा स्थानीयको स्वागत ग्रहणसँगै भेटघाटमा व्यस्त भए।

शाह दिउँसो करिब दुई बजेतिर चितवनको कुरिनटारस्थित रिभरसाइड रिसोर्टमा फर्केका छन्। शुक्रबार साँझ पनि उनी त्यही बसेका थिए।

भोलि (आइतबार) बिहान मनकामना मन्दिर दर्शन गर्ने कार्यक्रम रहेको पूर्वराजा शाहका संवाद सचिव फणिराज पाठकले बताए। 'भोलि नितान्त पूजाआजा मात्र हो, कुनै भेटघाट कार्यक्रम छैन, पुजा सकेर सिधै काठमाडौं फर्कन्छौं,' पाठकसँग भने।

## उप-सचिव भुजेलका......

हो, थाहा भएन। रौतहट जिल्लाका विभिन्न पालिकाका मेयरहरूले सुब्बा देखि शिक्षा, स्वास्थ्यका कर्मचारी र आफ्ना आफन्तलाई निमित्त हाकिम बनाईराखेका छन्। तर हामी कानुन बमोजिम उप-सचिव स्तरको हाकिम ल्याएका छौं। अहिले नगरपालिकाको प्रशासन उप-सचिवको हातमा चल्दै छ। विकास निर्माणले गति लिएको छ। नीति निर्माणदेखि दीर्घकालीन भिजनसम्म नगरपालिकाले अब स्पष्ट मार्गचित्र तय गरेको छ। मेयर पटेलका अनुसार उप-सचिव भुजेलको आगमनपछि नगरपालिकाले विकास निर्माणका कामहरूमा उल्लेखनीय प्रगति गरेको छ। विगतमा रोकिएका परियोजनाहरू पुन: सञ्चालनमा आएका छन्।

स्थानीय जनतासँग समन्वय गरेर योजना बनाउने र कार्यान्वयन गर्ने कामले गति लिएको छ। पटेलले भने, "भुजेलको नेतृत्वमा अहिले नगरपालिकाले सेवा प्रवाह व्यवस्थित भएको छ। स्थानीय जनताले प्रत्यक्ष रूपमा सहज सेवा पाएका छन्। अब बृन्दावन नगरपालिकाले विकास र समृद्धिको यात्रामा नयाँ युगमा प्रवेश गरेको छ। मेयर पटेलले भुजेलसँग स्थानीय जनतासँग समन्वय गरेर योजनाहरू कार्यान्वयन गर्न सक्ने नेतृत्व क्षमता रहेको बताए। "उहाँले नगरपालिकाले दिँदै आएका सेवा प्रवाहलाई व्यवस्थित ढंगले अगाडि बढाइरहनु भएको छ। स्थानीय जनताका समस्या समाधानमा उहाँले देखाएको तत्परताले जनतामा भरोसा बढेको छ। प्रशासनिक कार्यमा पारदर्शिता र जवाफदेहिता कायम गरिएको छ।

स्थानीय जनताले सहज रूपमा सेवा पाउन थालेका छन्," पटेलले भने।

मेयर पटेलले संघीय सरकारलाई बृन्दावन नगरपालिकामा प्रशासनिक स्थायित्व कायम राख्न र विकास योजनाहरूलाई दिगो रूपमा कार्यान्वयन गर्न भुजेललाई निरन्तरता दिन आग्रह गरे। "भुजेलको नेतृत्वमा नगरपालिकाले नयाँ दिशा लिएको छ। उहाँको अनुभव र प्रशासनिक दक्षताको फाइदा नगरपालिकाले प्रत्यक्ष रूपमा पाएको छ।

उहाँको निरन्तरता सुनिश्चित गरिए नगरपालिकाले अझ राम्रो प्रगति गर्नेछ। विकास योजनाहरूले दीर्घकालीन सफलता पाउनेछन्। संघीय सरकारले अनुभवी प्रशासकलाई निरन्तरता दिनुपर्छ," पटेलले जोड दिए।

स्थानीय जनताले पनि उप-सचिव भुजेलको नेतृत्वमा नगरपालिकाले सेवा प्रवाहमा ल्याएको सुधारको खुलेर प्रशंसा गरेका छन्। स्थानीय व्यवसायी सामाजिक अगुवा तथा सर्वसाधारणहरूले नगरपालिकाले सञ्चालन गरेका विकास निर्माणका कामहरूमा गुणस्तरमा सुधार आएको नीति निर्माणमा पारदर्शिता कायम गरिएको र जनताको सहभागिता बढाइएको बताउँछन्।

स्थानीय व्यापारी रामेश्वर यादव भन्छन् "पहिले नगरपालिकामा सेवाका लागि धाइरहनु पर्थ्यो। फाइल अघि बढ्दैनथ्यो अहिले भने काम समयमै हुन्छ उप-सचिव भुजेल आएपछि प्रशासनिक काममा गति आएको छ।

यस्तै, समाजसेवी माया देवीले भनिन् "नगरपालिकाले हालैका वर्षहरूमा सडक निर्माण, सरसफाइ र शिक्षा क्षेत्रमा राम्रो काम गरेको छ। भुजेलले जनतासँग समन्वय गरेर योजना बनाएपछि परिणाम सकारात्मक देखिएको छ।

**कर तिरौं जिम्मेवार नागरिक बनौं**
**कर तिर्ने हामी सबैको दायित्व हो।**


## हवाहुरीबाट बच्ने उपायहरू

- घरको संरचना बलियो बनाऔं।
- हवाहुरी चल्नथाले पछि झ्यालढोका थुनौं।
- हवाहुरी चल्नथाले पछि चुल्होको आगो निभाऔं।
- आगोजन्य वस्तुहरू बच्चाको पहुच भन्दा टाढा राखौं।
- घरको छाना राम्ररी हुक तथा तारले कसेर बाँधौं।
- छतमा भएका गमला सुरक्षित रूपमा राखौं।
- भागदौड् नगरी विस्तारै सुरक्षित स्थानमा जाऔं।
- हवाहुरी चलेको समयमा सवारी साधन रोकेर सुरक्षित स्थानमा जाऔं।

हवाहुरीबाट हुने क्षति कम गर्न पूर्व तयारी एवम् सतर्कता अपनाऔं।

गुजरा नगरपालिका कार्यालय
सिमरा भवानीपुर,रौतहट

## कृषि र जलविद्युतमा असर : मन्त्री यादव



काठमाडौं। खानेपानीमन्त्री प्रदीप यादवले जलवायु परिवर्तका कारण हिमनदीहरूमा परेको प्रभावले नेपालमा खानेपानी, कृषि, जलविद्युत्मा असर गरिरहेको बताएका छन् । विश्व पानी दिवसको अवसरमा सोसाइटी अफ पब्लिक हेल्थ इन्जिनियर्स, नेपाल (सोफेन) ले आयोजना गरेको 'दिगो खानेपानी सरसफाई तथा स्वच्छतामा लगानी' विषयक गोष्ठीमा बोल्दै मन्त्री यादवले जलवायु परिवर्तका कारण हिमनदीहरूमा परेको प्रभावले खानेपानी, कृषि, जलविद्युत्मा असर गरेकाले हिमनदीको संरक्षण गर्न जरुरी भएको बताए । 'पानी जीवनको आधार हो । पानी बिना कुनै पनि जीवित प्राणीको अस्तित्व सम्भव छैन। यसर्थ हिमनदीको संरक्षण गर्न जरुरी छ,' उनले भने । नेपाल सरकार खानेपानी मन्त्रालय संविधानले प्रत्याभूत गरेको मौलिक हक अनुसार स्वच्छ खानेपानी र सरसफाइको सुनिश्चितता गर्न कटिबद्ध रहेको समेत मन्त्री यादवले प्रतिवद्धता जनाए। मन्त्री यादवले ग्लेसियर भनेको हिमालय क्षेत्रमा हजारौँ बर्षदेखि जमेको बरफ, हिउँ, र चट्टानको ठूलो सङ्ग्रह भएको जानकारी गराए।'नेपालमा हिमालय क्षेत्रमा तीन हजार आठ सय भन्दा बढी ग्लेसियर हरू रहेको बताइन्छ। जसमध्ये सगर माथा क्षेत्रको खुम्बु ग्लेशियर, डोजोड्मा ग्लेसियर आदि प्रसिद्ध छन्,' यादवले भने। नेपाल सरकारले 'एक घर, एक धारा' र 'जनताको पानी सरकारको लगानी' जस्ता नीति अघि बढाएकाले खानेपानी पहुँच विस्तारमा यसले महत्त्वपूर्ण योगदान पुऱ्याइरहेको बताउनु हुँदै मन्त्री यादवले बिश्वास व्यक्त गरे। सुधारिएको स्वच्छता र फोहोर पानी व्यवस्थापनका लागि ठोस लगानी गर्दै शहरी तथा ग्रामीण दुबै क्षेत्रमा सन्तुलित विकास गर्ने, महिनावारी स्वास्थ्य व्यवस्थापन, सामुदायिक शौचालय तथा सरसफाइ बजार प्रवर्द्धन गर्न पूर्वाधारलगायतका प्रभावकारी कार्यक्रमहरू सञ्चालन गर्ने योजना र हेको मन्त्री यादवले बताए। "नेपाल प्राकृतिक रूपमा जलस्रोतमा धनी र ाष्ट्र भए तापनि पानी व्यवस्थापन, स्वच्छता तथा पहुँचमा अझै चुनौतीहरू

## अपांग संघको नयाँ नेतृत्वका लागि मतदान सुरु



काठमाडौं। नेपाली कांग्रेसको भातृ संस्था राष्ट्रिय लोकतान्त्रिक अपांग संघको प्रथम महाधिवेशनमार्फत् नयाँ नेतृत्व चयन गर्न मतदान सुरु भएको छ। नेपाली कांग्रेसको केन्द्रीय कार्यालय सानेपामा केहीबेर अघिबाट मतदान सुरु भएको संघका वर्तमान अध्यक्ष प्रकाश पन्तले जानकारी दिए। निर्वाचन मार्फत अध्यक्ष, उपाध्यक्ष महिला सहित दुई, महासचिव दुई, खुला केन्द्रीय सदस्य ७ र कोशी प्रदेशको भुगोलबाट निर्वाचित हुने दुई केन्द्रीय सदस्य बाहेक अरु पदमा निर्विरोध भइसकेको छ। अध्यक्ष पदमा माधव चौलागाईं, विकास थापा र कल्पना खड्का उम्मेदवार बनेका छन् । महाधिवेशनमार्फत ३९ जना निर्वाचित १२ जना मनोनित गरेर ५१ जनाको कार्यसमिति चयन हुनेछ । जसमा निर्वाचित हुने पदहरू अध्यक्ष एक जना, उपाध्यक्ष (महिला/खुल्ला) दुइ जना, महामन्त्री खुल्ला दुइ जना, सदस्यहरू ३ महिला सहित खुल्ला १० जना, फरक प्रकारको अपाङ्गताबाट १० जना, प्रत्येक प्रदेशबाट महिला र खुल्ला गरी दुई जनाका दरले १४ जना गरी जम्मा ३९ जनाको निर्वाचन हुने विधानको व्यवस्था छ। बाँकी १२ जना महिला र समावेशी मिलाइ मनोनित हुनेछन् । यसमध्ये मधेश, बागमती, गण्डकी, लुम्बिनी, कर्णाली र सुदुरपश्चिम प्रदेशबाट हरेक प्रदेशबाट एक महिलासहित दुई जनाका दरले १२ जना केन्द्रीय सदस्य निर्विरोध निर्वाचित भौसकेका छन् । खुलातर्फ ३ महिला सदस्य पनि निर्विरोध भैसकेका छन भने फरक वर्गतर्फबाट ७ जना निर्विरोध भैसकेको पन्तले जानकारी दिए। कांग्रेस पार्टी केन्द्रीय कार्यालय सानेपामा शुक्रबारबाट महाधिवेशन जारी छ। महाधिवेशनले चार वर्षका लागि नयाँ नेतृत्व चयन गर्दैछ ।


हवाहुरीबाट बच्ने उपायहरू

- घरको संरचना बलियो बनाऔं।
- हवाहुरी चल्नथाले पछि झ्यालढोका थुनौं।
- हवाहुरी चल्नथाले पछि चुल्होको आगो निभाऔं।
- आगोजन्य वस्तुहरू बच्चाको पहुच भन्दा टाढा राखौं।
- घरको छाना राम्ररी हुक तथा तारले कसेर बाधौं।
- छतमा भएका गमला सुरक्षित रुपमा राखौं।
- भागदौड् नगरी विस्तारै सुरक्षित स्थानमा जाऔं।
- हवाहुरी चलेको समयमा सवारी साधन रोकेर सुरक्षित स्थानमा जाऔं।

हवाहुरीबाट हुने क्षति कम गर्न पूर्व तयारी एवम् सतर्कता अपनाऔं।

दुर्गा भगवती गाउँपालिका कार्यालय
गंगापिपरा,रौतहट



डेङ्गुबाट बच्ने निम्न उपाय अपनाऔं :

१. घरभित्र भण्डार गरेर राखिएको पानी राम्ररी छोपेर राख्ने ।

२. डेगु लामखुट्टेको टोकाईबाट मानिसमा सर्ने भएकोले यसको टोकाईबाट बच्न पुरा शरीर ढाकिने कपडा लगाउने साथै शरीरका देखिने भागमा लामखुट्टेले नटोक्ने मलम जस्तै ओडोमोसो लगाउने ।

३. घर बिधालयको अध्यारो कुना काप्चा, जस्तै पर्दा पछाडि खाटमुनी, शौचालयभित्र, डेस्क बेन्च मुनि आदि जस्ता जस्ता ठाउँहरूमा किटनाशक औषधी छर्कने ।

४. थोरै पनि जम्ने ठाउँहरूमा पनि पानी जम्न नदिई समय समयमा सफा गर्ने ।

५. दिउँसो सुत्दा पनि झुलको प्रयोग गर्ने । रोगको प्रकोप भएको बेला सम्बन्धीत विषय विज्ञहरूको सल्लह बमोजिम लामखुट्टे विरुद्ध किटनाशक विषदी छिडकाउ कार्यक्रम संचालन गर्ने ।

६. डेगु ज्वरोको शंका लागेमा नजिकको स्वास्थ्य संस्थामा तुरुन्त संपर्क गर्नु पर्दछ । यो रोग चिकित्सक तथा स्वास्थ्यकर्मीहरूको प्रत्यक्ष निगरानीमा उपचार निको हुन्छ ।

७. घरको झयाल ढोका लामखुट्टे नछिर्ने जाली हाल्ने ।

स्वास्थ्य कार्यालय
गौर,रौतहट



हवाहुरीबाट बच्ने उपायहरू

- घरको संरचना बलियो बनाऔं।
- हवाहुरी चल्नथाले पछि झ्यालढोका थुनौं।
- हवाहुरी चल्नथाले पछि चुल्होको आगो निभाऔं।
- आगोजन्य वस्तुहरू बच्चाको पहुच भन्दा टाढा राखौं।
- घरको छाना राम्ररी हुक तथा तारले कसेर बाधौं।
- छतमा भएका गमला सुरक्षित रुपमा राखौं।
- भागदौड् नगरी विस्तारै सुरक्षित स्थानमा जाऔं।
- हवाहुरी चलेको समयमा सवारी साधन रोकेर सुरक्षित स्थानमा जाऔं।

हवाहुरीबाट हुने क्षति कम गर्न पूर्व तयारी एवम् सतर्कता अपनाऔं।

चन्द्रपुर नगरपालिका कार्यालय
चपुर,रौतहट



हवाहुरीबाट बच्ने उपायहरू

- घरको संरचना बलियो बनाऔं।
- हवाहुरी चल्नथाले पछि झ्यालढोका थुनौं।
- हवाहुरी चल्नथाले पछि चुल्होको आगो निभाऔं।
- आगोजन्य वस्तुहरू बच्चाको पहुच भन्दा टाढा राखौं।
- घरको छाना राम्ररी हुक तथा तारले कसेर बाधौं।
- छतमा भएका गमला सुरक्षित रुपमा राखौं।
- भागदौड् नगरी विस्तारै सुरक्षित स्थानमा जाऔं।
- हवाहुरी चलेको समयमा सवारी साधन रोकेर सुरक्षित स्थानमा जाऔं।

हवाहुरीबाट हुने क्षति कम गर्न पूर्व तयारी एवम् सतर्कता अपनाऔं।

गढिमाई नगरपालिका कार्यालय
समनपुर,रौतहट